स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता आर्यन सिग्देल ब्राह्मण (पुजारी) परिवारमा जन्मिए । पूजापाठको माहोलमा हुर्किए । उनका बुबा पण्डित हुन् । तर, उनमा पूजापाठको केही गुण थिएन । न यसमा कुनै रुचि थियो । भगवान् बाहिर होइन, आफ्नै मनमा छन् भन्ने कुरामा बढी विश्वास लाग्छ उनलाई । तर, यही जेठ १० गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म “पूजार सार्की”मा आर्यन पूजापाठ गर्ने ब्राह्मण चरित्रमा छन् । यसमा आर्यनको “ब्राह्मण लुक” उनकै पिताबाट लिइएको हो ।

**आजको विचार...**



कृष्णप्रसाद पौडेल

कृषि...
*(दुई पेजमा)*



फिल्मको सफलता र असफलता कलाकारको मुठ्ठीमा हुँदैन । तर, त्यसले करिअरमा भने ठूलै प्रभाव पार्छ । फिल्मको सफलताले अगाडिको यात्रा सहज बनाउन भूमिका खेल्छ भने असफलताले संकटमा पर्ने खतरा हुन्छ । यसैले हरेक कलाकारलाई फिल्मको सफलताको दबाब रहन्छ । झन् पहिलो फिल्म छ भने त यसको दबाब अझ चर्को हुन्छ । यद्यपि, अभिनय पनि अर्थपूर्ण मानिन्छ ।फिल्मको सफलता र अभिनयको प्रशंसा दुवै भएन भने झन् के होला ? यो महसुस यतिबेला अभिनेत्री नीति शाहले जति अरु कसले गरेको होला र ?

❐ वर्ष २९ ❐अंक २८८ ❐ २०८१ जेठ ५ गते शनिबार 18 May 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भारतमा चट्याङले १२ को मृत्यु



(रासस/सिन्ह्वा)

**नयाँदिल्ली,** जेठ ४/भारतको पूर्वी राज्य पश्चिम बङ्गालमा बिहीबार चट्याङ पर्दा कम्तीमा १२ जनाको मृत्यु भएको छ । अन्य धेरै घाइते भएको अधिकारीहरूले बताएका छन् ।

पश्चिम बङ्गालको राजधानी कोलकाताबाट करिब तीन सय २७ किलोमिटर उत्तरमा रहेको माल्दा जिल्लामा चट्याङ प्रहारमा हताहतजन्य घटना भएको बताइएको छ । अधिकारीहरूले सबै पीडित चट्याङ परेको समयमा घरबाहिर बगैँचा तथा खेतमा काम गरिरहेका अवस्थामा उनीहरुमाथि प्रहार गरेकाले धेरै मानिसको मृत्यु भएको स्रोतले जनाएको छ ।


# लुम्बिनीका तराई भू-भागको तापक्रम ४० डिग्रीमाथि

## तातो लहरको सम्भावना, सावधानी अपनाउन आग्रह

रामचन्द्र रायमाझी

**पाल्पा,** जेठ ४/केही दिनयता देशका तराई क्षेत्रमा तापक्रम ह्वात्तै बढेको छ । तराईका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रूपमा वृद्धि भइरहेको हो । विशेष गरी लुम्बिनी प्रदेशका तराई जिल्लामा तापक्रमले सीमा नाघेको छ ।

ती स्थानहरुमा ४० डिग्री सेल्सियस माथि तापक्रम पुगेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । गत वैशाख १६ गतेदेखि नै क्रमश: तापक्रम बढ्दै गएको छ । बिचमा केही दिन पानी परेर घटेको तापक्रम जेठ ४ गते शुक्रबारदेखि पुन: बढेको हो । यो क्रम जेठ ६ गते आइतबारसम्म रहने महाशाखाले विहीबार जारी गरेको विशेष बुलेटीनमा उल्लेख गरिएको छ । तापक्रम वृद्धि हुँदै गएकाले गर्मी अत्याधिक मात्रामा बढेको छ । लुम्बिनी प्रदेशका तराईका जिल्लाहरुमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ । 'तातो दिन तथा तातो लहरसम्बन्धी विशेष बुलेटिन' अनुसार तराईमा धेरै गर्मी र हावासमेत तातो हुनेछ । 'विगत केही दिनदेखि



देशका अधिकांश भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रुपमा वृद्धि भइरहेको देखिन्छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भागका धेरैजसो स्थानमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ,' बुलेटिनमा भनिएको छ । विशेषगरी लुम्बिनी प्रदेशका रुपन्देही, कपिलवस्तु, बाँके लगायतका जिल्लामा तापक्रम अत्याधिक वृद्धि भएको मौसमविद् गोविन्द झाले एनजेडीलाई जानकारी दिए । उनका अनुसार यी क्षेत्रको तापक्रम ४०-४३ डिग्री सेल्सियस नाघेको छ । विहीबार ति जिल्लामा ४० डिग्री रहे पनि शुक्रबार ४३ डिग्री नाघेको झाको भनाई छ । तराईका अन्य जिल्लामा भने ४० डिग्री रहेको छ । सुदुरपश्चिम प्रदेशमा पनि तापक्रम अधिकतम रहेको छ । आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषण अनुसार तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना रहेको मौसमविद् झाको भनाई छ । उनले भने 'तातो बढ्ने भएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनहुन सबैमा अनुरोध गरिएको छ ।' तातो लहर “हिटवेभ” सम्बन्धी विशेष “बुलेटिन”मा देशको पहाडी भागका उपत्यका तथा खोँचहरूमा समेत तापक्रम क्रमिक रूपमा बढ्नसक्ने भएकाले सचेत रहन बुलेटीनमा भनिएको छ ।

विभागले तापक्रमलाई आधार मानेर तातो, धेरै तातो र अति तातो भनेर वर्गीकरण गरेको छ । कुनै स्थानमा तीन दिनसम्म तातो दिन भए ती स्थानमा तातो हावा (हिट वेभ)को लहर चल्ने उनले बताए ।

विभागले यसका लागि छुट्टाछुट्टै मापन केन्द्रहरुमा तापक्रमको आधारमा पर्सेन्टाइल भ्यालुहरु राखेको छ । त्यसैको आधारमा तातो हावाको बारेमा पूर्वानुमान गर्ने गर्छ । 'कुनै एउटा मापन केन्द्रमा तीन दिनसम्म तातो दिनको थ्रेसहोल्ड काट्यो भने हामीले तातो हावा चल्यो भन्छौं,' झाले भने । पहाडी ठाउँमा ३० डिग्री नाघ्दा धेरैलाई गाह्रो हुन्छ भने मधेसमा सामान्य लिने गरिन्छ । मधेसमा तापक्रम ३५ नाघेपछि धेरै तातो मानिने गरिएको छ । यस्तै, कुनै ठाउँमा तापक्रम ४० डिग्री कट्दा अति तातो भनेर भनिएको छ ।

यस्तो अवस्थामा मानिसहरु बिरामी हुने सम्भावना रहन्छ । महाशाखाका मौसिमविद् झा भन्छन्, 'तापक्रम ४० डिग्री नाघ्नु भनेको धेरै हो । यो थ्रेसहोल्ड नाघ्यो भने मानिसलाई धेरै नै असर गर्छ ।' कुनै स्थानमा बसोबास गर्ने मानिसहरुलाई औसतभन्दा बढी तापक्रम हुँदा त्यसले पार्ने असर फरक हुने उनले बताए । तापक्रम बढ्दै जाँदा शरीरलाई समेत असर गर्ने हुँदा स्वास्थ्यलाई ख्याल गर्न पनि उनले सबैलाई आग्रह गरे ।

धेरै गर्मी हुँदा थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने विभागले जनाएको छ । तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउन विभागले सुझाव दिएको छ ।

# रुखबाट लडेर एक महिलाको मृत्यु



**संगीता आचार्य**

**पाल्पा,** जेठ ४/जिल्लाको रम्भा गाउँपालिका -५, ढाकरडाँडामा काब्रोको रुखबाट लडेर एक जना महिलाको मृत्यु भएको छ ।


शुक्रबार विहान सोही ठाउँकी ३१ बर्षीया मीना कुमारी लामिछाने मगरको आफ्नै बारीमा रहेको काब्रोको रुखमा चढेर घाँस काट्ने क्रममा लडेर मृत्यु भएको हो । रुखमा चढेर घाँस काट्दै गर्दा मगर अचानक लडेकी थिइन् । लडेर गम्भीर घाइते भएकी उनलाई उपचारका लागि आफन्तले लुम्बिनी मेडिकल कलेज प्रभास पुऱ्याएका थिए ।

ति महिलाको उपचारको क्रममा शुक्रबार नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायक उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यलयले जनाएको छ ।

# प्रधानमन्त्रीले पुन: सोमबार विश्वासको मत लिने

**पाल्पा,** जेठ ४/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आउदो सोमबार प्रतिनिधिसभाबाट पुन: विश्वासको मत लिने भएका छन् । जनता समाजवादी पार्टी नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्डले चौथो पटक विश्वासको मत लिन लागेका हुन् ।

यो उनको तेस्रो कार्यकाल हो । प्रधानमन्त्री प्रचण्डले यही जेठ ७ गते विश्वासको मत लिने विषयलाई संसद्को कार्यसूचीमा राख्न संघीय संसद् सचिवालयलाई पत्र पठाएको सभामुखको सचिवालयले जनाएको छ । प्रधानमन्त्रीले संविधानको धारा १०० को उपधारा (२) अनुसार विश्वासको मत लिने छन् । प्रचण्डले पछिल्लो पटक २०८० फागुन ३० गते विश्वासको मत पाएका थिए । प्रधानमन्त्री प्रचण्डले आफूलाई प्रतिनिधिसभामा तेस्रो पटक विश्वासको मतका लागि पेश गरेको प्रस्तावको पक्षमा १५७ मत र विपक्षमा ११० मत खसेको थियो । प्रधानमन्त्री प्रचण्डलाई



नेकपा एमाले,माओवादी केन्द्र, रास्वपा, जसपा, नेकपा एकीकृत, नागरिक उन्मुक्ति र तीनजना स्वतन्त्र सांसद (प्रभु साह, अमरेश कुमार सिंह र योगेन्द्र मण्डल)ले विश्वासको मत दिएका हुन् । काँग्रेस, राप्रपा, राष्ट्रिय जनमोर्चा, लोसपा, जनमतलगायतले मत दिएका थिएनन् । प्रचण्डले त्यसअघि २६ पुस २०७९ मा पहिलो पटक र ६ चैत्रमा दोस्रो पटक विश्वासको मत लिएका थिए । पहिलो पटक बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ जनाले प्रचण्डलाई मत दिएका थिए । दोस्रो पटक बैठकमा उपस्थित २६२ सांसदमध्ये १७२ जनाले मत दिएका थिए । गत २०७९ पुस १० गते काँग्रेसको गठबन्धन तोडेर एमाले नेतृत्वको गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका हुन् ।

प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नुपर्ने संवैधानिक व्यवस्था छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष दाहाल नेतृत्वको वर्तमान सरकारलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) लगायत दलको समर्थन छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## इमानदारिता हराएको राजनीति

**नीतिमध्ये सबैभन्दा महत्वपूर्ण नीति राजनीति हो । राजनीति जतिसुकै सम्भावनाको खेल भए पनि न्यूनतम इमान हुनुपर्छ । राजनीति ठीक दिशामा हिँड्ने हो भने अरु नीतिहरु स्वतः सरल रेखामा हिँड्छन् । नीतिहरुको राज नै राजनीति हो । तर नेपालमा पछिल्लो समय राजनीति इमान,जमान र नीतिमा चल्न सकेको छैन् । व्यक्तिगत कुण्ठा, इर्ष्या, डाह र आत्मरतिमा नै यसबीचको राजनीतिक गतिविधि केन्द्रित हुँदै आएको छ । व्यक्तिपरक चाहना नै नेपालको राजनीति बन्न पुगेको छ । यो अत्यन्त दुखको कुरा हो ।**

**सत्ताका लागि राजनीतिक दलहरुले जे पनि गर्न तयार छन् । पछिल्लो समय सत्तामा पुग्न र पुगेपछि सत्ता जोगाई राख्न दलहरु कहिले कोसँग कहिले कोसँग सत्ता साझेदारी गर्ने गरेका छन् । यसले आमजनताको हित गरेको देखिदैन । सत्ता संघर्षका कारण जनताका मूलभूत समस्या ओझेलमा पर्ने गरेका छन् । आज व्याप्त बेरोजगारीका कारण दैनिक हजारौं युवायुवती रोजगारीका लागि विदेशीनु परेको छ, भने अर्कोतर्फ सत्ताका लागि दलहरुले गर्दै आएको हर्कतले उनीहरुलाई नै जिस्क्याइरहेको छ । राजनीति भनेको इमानदार हुनुपर्ने हो । यसको सिद्धान्त पनि त्यही हो तर नेपालको हकमा भने यो नियम लागू भएको पाइँदैन ।**

**पुराना दलहरु बिग्रिए भन्दै नयाँ जन्मिएका दलहरुको हैसियत र हर्कत हेर्दा उनीहरु पनि उही ड्याङका मुला हुन् भन्ने जनताले बुझिसकेका छन् । तर पनि उनीहरु मिसन ८४ को नारा दिएर फेरि एकपटक जनतालाई भ्रममा पार्न उद्यत रहेको देखिन्छ । अब दलहरु भ्रममा नपरे हुन्छ । जनताहरु धेरै सचेत भइसकेका छन् । अब पनि नेताहरु सुध्रिएनन् भने ढिलो चाँडो आफै सक्किने छन् । नेताहरूमा नैतिकता, इमानदारिता र पारदर्शिताको भावना विकास हुन आवश्यक छ । राजनीतिक दलहरुका लागि सबैभन्दा ठूलो चुनौती नै आमजनतामा भरोसा र विश्वास बढाउनु हो । यसका लागि उनीहरुमा इमान्दारिताको खाँचो छ ।**

## Opinion @ Social Network

लडे पछि एक्लै उठ्न सिक,
यहाँ हात दिने भन्दा हाँसी दिने धेरै हुन्छन् ।

*(लक्ष्मी मिथुन मगरकोफेसबुक स्टाटसबाट https://www.facebook.com/laxmi11)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषि क्षेत्रको नीति तथा कार्यक्रम : सदाबहार कर्मकाण्ड



कृष्णप्रसाद पौडेल

***यी सबै गर्न चाहिने लगानी भित्र्याउने लगानी सम्मेलनको असफलताको झोंक यो नीति तथा कार्यक्रममा 'लगानी दशक'को रूपमा व्यक्त गरिएको छ । उत्पादनदेखि बजारीकरणसम्मको मार्गचित्र बनाउने र कृषिमा 'लगानी दशक' को उद्घोष गरेर निजी क्षेत्रलाई ललिपप र विश्व वैश्विक 'दलाल पूँजी'लाई स्वागत गरेको जनाउ दिएको छ ।***

सदा झैं सरकारले उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने, आयात प्रतिस्थापन र कृषि तथा खाद्य उद्यमलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिने कुरा गरेको छ । अन्नपात, तरकारी, पशु तथा मत्स्य उत्पादनमा दुई वर्षमा आत्मनिर्भर हुने, पाँच वर्षमा फलफूलमा आत्मनिर्भर हुने, स्वदेशमै उत्पादन सम्भव भएका वस्तुको उत्पादन बढाउने र निर्यात बढाउन तुलनात्मक लाभका उपज प्रवर्धन गर्ने, स्थानीय तहमा कृषि प्राविधिकको उपलब्धता र बाँझो जमिनमा खेतीपातीलाई प्राथमिकतामा राख्ने जस्ता कुरामा जोड दिने योजनाको प्रक्षेपण गरेको छ ।

यी सबै गर्न चाहिने लगानी भित्र्याउने लगानी सम्मेलनको असफलताको झोंक यो नीति तथा कार्यक्रममा 'लगानी दशक'को रूपमा व्यक्त गरिएको छ । उत्पादनदेखि बजारीकरणसम्मको मार्गचित्र बनाउने र कृषिमा 'लगानी दशक' को उद्घोष गरेर निजी क्षेत्रलाई ललिपप र विश्व वैश्विक 'दलाल पूँजी'लाई स्वागत गरेको जनाउ दिएको छ । यो कृषि सपार्ने भन्दा दलाल पोस्ने अभिप्रायबाट ग्रसित छ । सँगै कृषि इकोसिस्टमको प्रणाली विकास गरिने अमूर्त उद्घोष गरेर अतिरञ्जना र आत्मरति प्रस्तुत गरिएको छ । कृषि प्रकृतिसम्मत घरपालुवा गरिएको प्रणाली हो भन्न समेत हिच्किचाएको यो सरकार जैविक कृषिको एउटा वाक्यांश राखेर पन्छिन खोजेको छ । यसका योजनाकार यो लघुताभासबाट माथि उठ्न सकेका छैनन् । 'टालाटुली बटुली कति राम्रो पुतली' मै रमाएका नीति-निर्माताको क्षमता र दूरदृष्टि यसमा पटाक्षेप भएको छ ।

भू-उपयोगको कानुनी व्यवस्था समेत हेक्का नराखेका योजनाकारले जग्गा दलालका मतियारले कृषि जमिनको सुरक्षा गर्ने नकच्चरो प्रस्ताव अघि सारेका छन् । जग्गा दलालका मतियार सावित भइसकेको सरकारको भू-उपयोगको योजना र कार्यक्रमको दुर्दशा कसबाट छिपेको छ र ? किसान पहिचान र वर्गीकरण गरी यसका आधारमा सेवा तथा सुविधा पुऱ्याउने हतियार विगत दशकदेखि भुत्ते भइसकेको कसले बिर्सेको होला ? नीति तथा कार्यक्रममा सरकार, सहकारी र समुदायको सहकार्यमा जोड दिने कुरा गरिएको छ । नयाँ, पुराना पार्टी र तिनका नेताकै चलखेलमा बदनाम सहकारीको कृषि सपार्न गरिने सहकार्यको प्रस्तावमा कसको र कस्तो भरोसा होला ? कि सरकारले प्रस्ताव गरेको सहकारी अर्कै ग्रहबाट भित्र्याउने हो ? हैन भने यिनैको लुट र चरम शोषणको प्रतिबिम्ब बनेको सहकारी कसरी कृषि सपार्ने कर्ता होला ? यसको जवाफ त सत्ताधारी र विपक्षीका सहकारी दलालले देलान् नै ! यो सँगै, कृषि सपार्न चकलाबन्दी खेती विस्तार गर्ने, सिंचाइ उपलब्ध गराउने कुरा सदावहार कथ्य हुन् । यिनको कथ्य रचना किसान विस्थापित गरी कृषिमा दलाल भित्र्याउने पुरानै खेलका नयाँ नियम जस्तै हुन् ।

सतह सिंचाइ र भूमिगत जल उत्खनन् पाँच दशकदेखिका सुगारटाइ हुन् । केही आसेपासे र ठेकेदार पोस्ने परियोजना हुन् भन्न सरकारी तथ्यांक नै काफी छन् । स्थानीय बालीको तथ्यांक राख्ने प्रविधि हस्तान्तरणका लागि सीपमूलक तालिम र प्राविधिक सहयोग, कृषि बजारको पहुँच र विस्तारदेखि नश्ल सुधार र पशु स्वास्थ्य सेवाको विस्तार लगायत योजना नयाँ बोतलका पुराना रक्सीका उखान साबित गर्न पर्याप्त छ । कृषि पूर्वाधार र बजार, हरेक स्थानीय तहमा कृषि प्राविधिक, किसान सूचीकरण र स्थानीय तहको माग अनुसारको फलफूल तथा तरकारी विकास जोनिङ लगायतका प्रस्ताव धेरै अर्थमा बारम्बार असफल भएका कार्यक्रम हुन् जुन अझै पनि प्राथमिकताको सूचीमा देखिए । यस्ता असफल कार्यक्रमको प्रक्षेपण बारबार किन गरिन्छ ? यसको चित्तबुझ्दो जवाफ त सरकारले दिँदै नै गर्ला तर यो सबैले कृषि सपार्ने भन्दा झारा टार्नेमै जोडबल गरेको भन्दा अतिशयोक्ति हुँदैन ।

संसदमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेल । विवादित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र रासायनिक मल कारखाना यो नीति तथा कार्यक्रममा परेको छैन । यो सकारात्मक स्वीकारोक्ति देखिएको छ । यसले परम्परागत सोचले अघि बढ्न नसकिने कुरा स्वीकार गरेको प्रतीत हुन्छ । तर यी बदनाम भएर लुकाउने प्रयास मात्र गरिएको हो भनेर बुझ्न कुनै कठिनाइ छैन । किनकि अहिले पनि अन्य असफल कार्यक्रम प्राथमिक सूचीमै रहेका छन् ।

उदाहरणका लागि, राष्ट्रपति चुरे कार्यक्रम जीवितै छ र सँगै प्रधानमन्त्री छोरी कार्यक्रम थपिएको छ । किञ्चित सरम नमानी यस्तो आलंकारिक नामकरण गरी नीति तथा कार्यक्रममा प्रस्ताव गर्नु भनेको यो पदको गरिमा घटाउने र गणतन्त्रको मर्मको उपहास गर्ने उद्दण्डता मात्र हो । यति हुँदाहुँदै पनि, समग्र नीति तथा कार्यक्रमको चित्रमा कृषिलाई आँखा चिम्म गरेर हात्ती छामे जस्तो एकाङ्गी ढाँचामा विचार गर्दा यी कुरा उपयुक्त नै लाग्न सक्छन् तर यो प्रस्ताव कृषि बिगार्ने यथास्थितिकै प्रस्तावको निरन्तरता हो । यस्ता छेउ न टुप्पाको सोच कसरी लागू हुन्छन् ? यसको प्रतिफल के आउँछ ? सहजै अनुमान गर्न सकिन्छ । तर पख्नोस्, यसको असली कुरूपता त यसपछि आउने बाँडचुँडको बजेटमा झनै स्पष्ट हुनेछ । समग्रमा, सरकारको यो नीति र कार्यक्रमले कृषि क्षेत्र प्राथमिकतामा परेको देखाउन खोजे पनि निहित स्वार्थका लागि वैदेशिक लगानी भित्र्याएर कृषि क्षेत्र तहसनहस बनाउन नै उद्यत छ । यसअघिका कृषि विकासका नीति तथा कार्यक्रम, कार्यान्वयनमा संस्थागत असफलताको समीक्षा नगरी नयाँ शब्दजालको सदाबहार खेती गरेर यो प्रस्ताव सर्वकालीन औपचारिकतामा सीमित गरिएको छ ।

अधिकांश प्रस्ताव पैसा भए कृषि उन्नत भइहाल्ने मनोरोगको शिकार भएको देखिन्छ । पैसाले मात्र खेती हुने भए अहिले पैसा फलाउन उद्यत सबै दलाल अर्थतन्त्रका मतियार यसैको खेती गर्ने थिए । तर विगतका अनुभवले पैसाले मात्र कृषि उन्नति नहुने बरु यो बिचौलियाका हातमा पुगेर सधैंका लागि पलायन हुने तितो अनुभव छ । आरोप जस्तो सुनिए पनि, यसो भन्न यस नीति तथा कार्यक्रममा यथेष्ट प्रमाण छन् । यो नीति तथा कार्यक्रमले आजको नेपालको कृषिको सन्दर्भ, समस्या, चुनौती र सुधारका लागि उपयुक्त प्रस्तावमा प्रष्ट ढाँचा प्रस्तुत गर्न सकेको छैन । सरकारले ल्याएका सुधारात्मक देखिने प्रस्ताव पनि उधारो बाचामा मात्र सीमित छन् । खासगरी उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने कृषिको मार्गचित्र र प्रस्तावित कृषि इकोसिस्टम ढाँचा विकास गर्ने कार्ययोजना अमूर्त छ ।

मुलुकको संकटग्रस्त कृषि क्षेत्रका मुख्य समस्याहरू खासगरी, किसान पलायन, माटो तथा पानी पुनर्भरण र पुन: उत्पादन गर्ने जस्ता महत्वपूर्ण सवाललाई सम्बोधन गर्न त परै जाओस् यो नीति तथा कार्यक्रम यी समस्यालाई आत्मसात् समेत गर्न सकेको छैन । यी सवाल सम्बोधन गर्न कुनै हिसाबले उन्मुख नहुनुले अहिलेकै कृषिलाई टालटुल पार्ने तथा यसलाई थप निर्यातमुखी र व्यापारिक बनाउने कुरामा नै जोडबल गर्न खोजेको स्पष्ट देखिन्छ । यो कृषि कर्मका नाममा पैसा फलाउने वैश्विक दलालको पक्षपोषण गर्ने निहित स्वार्थमा सरकार डुबेको भन्नुपर्ने हुन्छ । यी सबै केलाउँदा नीति तथा कार्यक्रमले कृषि सपार्ने खासै नयाँ प्रस्ताव गरेको छैन । यसले कृषि सपारेर हाम्रो उन्नत भविष्य बनाउने आश पालेका लाखौं किसानलाई सदा झैं निराशा बाहेक केही दिँदैन । हामी अरू एक वर्ष खेर फाल्ने शर्तमा पर्खिनुपर्ने अवस्थामा पुगेका छौं । हुनत यो सरकारको नीति तथा कार्यक्रमको प्रस्ताव भएकोले संसद्मा यसबारे थप चिन्तन-मनन् होला भन्ने अपेक्षा राख्न सकिन्छ । मूल रूपमा, अहिलेकै असफल कृषिको निरन्तरताको प्रस्ताव आउनुले खेतीपातीको प्रयोजनमै स्पष्टता नभएको यो सरकारको कृषि क्षेत्रको समग्र उन्नतिको आधार खोज्ने भन्दा झारा टार्ने मनोवृत्ति देखिन्छ । सरकार टिकाउने लालची स्वभावले ग्रस्त नयाँ-पुराना भ्रष्टबाट योभन्दा अरू अपेक्षा नै मूर्खतापूर्ण हुनेछ । समग्रमा एकाध प्रस्तावमा कृषि बिग्रेको र किसान पलायन भएको यथार्थ स्वीकार गरिएको भए पनि यो समग्रमा सदाबहार ढोंग भन्दा माथि उठ्न सकेको छैन ।

खानाका लागि खेतीपातीका आधारभूत सवाल बेवास्ता गरेर गरिएको नीति तथा कार्यक्रमको घोषणाले हाम्रो कृषि उन्नतिको ढोका खोल्न सघाउँदैन । पलायन हुँदै गएको कृषि क्षेत्रलाई उत्थान गर्ने दीर्घकालीन सोच यो नीति तथा कार्यक्रमको प्रस्तुतिमा कतै देखिँदैन । कृषि दशक र कृषि इकोसिस्टम प्रणाली विकास गर्ने कुरा गरेर सरकार दाता रिझाउन सफल भएको आत्मरतिमा रमाउँदै आफैंलाई आश्वस्त पारेको भान हुन्छ । यो सरकारको लघुताभास मात्र हो ।

समग्र प्रस्तावमा मूलत: हरित क्रान्ति कृषिका मापदण्डमा आधारित नेपालको खेती प्रणाली नै समस्याको मूल कारक भएको तथ्यलाई आत्मसात् गरी यसको विकल्प खोज्नुपर्ने यथार्थबाट भागेको छ । हाम्रो परिवेशमा अनुपयुक्त यूरोप केन्द्रित हरित कृषि क्रान्ति हाम्रो कृषि क्षेत्रमा थपेका चुनौतीको सामना गर्नेबारे यो नीति तथा कार्यक्रमले कुनै चासो देखाएको छैन बरु घुमाउरो पारामा त्यसैको पदचाप पछ्याएको छ । यसको सीधा अर्थ के हो भने एकीकृत कृषि ऐन बनाएर कृषि सपार्ने मार्गप्रशस्त गर्नुपर्ने सरकार संविधानप्रदत्त नागरिकको खाद्य अधिकारको अपमान गर्न कटिबद्ध छ । सँगै यसले जलवायुको जोखिम बढेको र खाद्य प्रणाली आयातित भएको घाम जत्तिकै छर्लङ्ग यथार्थ नदेखेको स्वाङ गरिरहेको छ ।

अन्त्यमा, यी सबै तथ्यको यथार्थपरक आकलन विनै हचुवाका भरमा बनाइने नीति, बजेट र कार्यक्रम विगतमा जस्तै बालुवामा पानी हालेसरह हुँदैन भन्ने के छ ? तसर्थ हाम्रो सन्दर्भमा खेतीपातीको मुख्य प्रयोजन र प्राथमिकता के हुन् ? खेतीपातीका हाम्रा विगतका असफलताको प्राथमिक कारण के के हुन् ?निरन्तर ओरालो लागेको कृषि सपार्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण, संयन्त्र र संक्रमणकालीन मार्गचित्र र कार्यनीति के के हुन् ? यिनको सम्बोधनको पहल गर्ने मुख्य जिम्मेवार नेतृत्व को हो ? जस्ता सवालको सम्बोधन गर्ने स्पष्ट आधार नखोजी परम्परा धान्ने नीति र कार्यक्रमका सनातनी बिरालो बाँध्ने कर्म हुन् र यस्ता नीति तथा कार्यक्रमले नेपालको संकटग्रस्त कृषि फेरिँदैन । चेतना भया !

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । | **तुला** : बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । नयाँ ठाउँबाट धनागम हुनेछ । |
| **वृष** : समयलाई बेवास्ता गर्दा चुनौती आउनेछ। काममा ढिलासुस्ती हुनसक्छ । | **वृश्चिक** : कामहरू अगाडि बढ्नेछन्। साथीभाइसँग समय बित्नेछ । |
| **मिथुन** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। रोकिएको धन हात पर्ला । | **धनु** : मनमा शान्ति छाउनेछ । घुमफिरको विशेष अवसर मिल्ने छन् । |
| **कर्कट** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । महिलाबाट सहयोग मिल्नेछ। | **मकर** : अधिकारका लागि संघर्ष गर्नु पर्ला। सरकारी निकायको भय रहनेछ । |
| **सिंह** : कला तथा साहित्यमा रुचि बढ्नेछ। वैदेशिक कार्य अघि बढ्ला । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद् यात्राको योग छ । |
| **कन्या** : सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिनेछ । | **मीन** : विपरीतवर्ग प्रति आकर्षण बढ्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ । |

# साहित्य दर्पण

निबन्ध — ज्ञानेन्द्र विवश

## बाँचेर मात्र मर्नुपर्छ

*कसैले खुसी दिँदैन यहाँ । दु:ख दिने र दोष देखाउनेहरूको चाहिँ कमी हुँदैन । एक्लै एकान्तमा र माउन सक्नुको आनन्द अलग्गै हुन्छ । एक्लै खुसीले मुसुक्क मुस्कुराउनु र आफैँमा हराउनु भनेको साँचो अर्थमा सुखी हुनु हो । यस्तो सुखद खुसीको अनुभूति गर्न मुस्किलले मात्रै पाइन्छ ।*

बाँच्नुसम्म बाँच्नुपर्छ । मर्नु त छँदै नै छ । तर, बाँचेर मात्रै मर्नुपर्छ । मरेपछि पनि बाँच्ने किसिमले मर्नुपर्छ । वास्तवमा बाँच्नु भनेको बाँचुन्ज्यालसम्म मात्रै हो । मरेपछि सकिन्छ, सिद्धिन्छ सबै । लास भएपछि सास पनि मर्छ । आस पनि मर्छ । ज्यानप्राण बाँकी केही रहँदैन मान्छेको । मान्छे माटोमै हुर्कन्छ । माटोमै मिल्छ । धुवाँ भएर फैलिन्छ र त्यो आकाशमै बिलाउँछ । खरानी बनेर सिद्धिन्छ । पानीले पखालिएपछि मान्छे पानीमै मिसिन्छ । माटो र पानीको शरीर हाम्रो । अन्त्यमा माटो र पानीमै मिल्ने रहेछ मान्छेको शरीर । त्यसैले मर्नुअघि बाँच्नुपर्छ । यसरी बाँच्नुको अर्थ खानु, सुत्नु, हिँड्नु, बोल्नु आदि मात्र होइन । बाँच्नुले धेरै अर्थ खोज्छ । ती धेरै अर्थहरूमा मर्नुपूर्व बाँच्नुको चिन्तन के हो र किन भन्ने कुरालाई मनन-महसुस गर्नुपर्छ । बाँचेर पनि मरेका मानिसहरू छन्, हाम्रै समाजमा । मरेर पनि बाँचिरहेका मानिसहरू पनि छन् यहाँ । अत: सर्वप्रथम मर्नुअघि बाँच्नुपर्छ । बाँच्नुअघि मर्नु हुँदैन । त्यो बाँच्नुको क्रममा यावत् सत्कर्महरूलाई धोइपखाली कसैले दाग देख्न नसक्ने पार्नुपर्छ ।

कसैले खुसी दिँदैन यहाँ । दु:ख दिने र दोष देखाउनेहरूको चाहिँ कमी हुँदैन । एक्लै एकान्तमा रमाउन सक्नुको आनन्द अलग्गै हुन्छ । एक्लै खुसीले मुसुक्क मुस्कुराउनु र आफैँमा हराउनु भनेको साँचो अर्थमा सुखी हुनु हो । यस्तो सुखद खुसीको अनुभूति गर्न मुस्किलले मात्रै पाइन्छ । एक्लोपनमा मिलेको खुसी र झरेको आँसु अनमोल हुन्छ । हार खाएर पनि यहाँ जितको खुसीमा उत्सव मनाउनुपर्छ । जितेर पनि पराजयको पीडा भोग्नुपर्छ । यही हारजितको लडाइँमा यहाँ मान्छे मर्छन् बाँच्छन् । फेरि बाँच्छन् र फेरि मर्छन् । बाँच्न जान्दा यहीँ स्वर्ग, यहीँ सुख । बाँच्न नजान्दा यहीँ नर्क, यहीँ दु:ख ।

क्रमागत यो निरन्तरता आदिम कालदेखि चलिरहेकै छ, चल्दै छ, चलिरहनेछ । जहाँ आखिर बाँच्नुको आनन्द मिल्नुपर्छ । आफू मात्रै बाँचौँको स्वभाव मर्नुपर्छ । अरूलाई पनि बचाऔँ भन्ने मान्यता व्यापक हुनुपर्छ । त्यहाँ बाँच्नुको मतलब अर्थहीन होइन, अर्थपूर्ण हुन्छ । त्यहाँ जीवनको मूल्य मूल्यहीन हुँदैन, मूल्यवान् बन्छ । बाँच्नुको अर्थले अत्यासमा पार्नु कदापि हुँदैन । एक छाक र एक गाँस खाएकै सही, तर आरामको ओछ्यान र मिठो सपना देख्न सकियोस् । त्यसमा मन रमाउन सकिने अवसर मिल्न सकोस् । बाँच्नुको सार्थक समय त्यहाँ दृष्टिगोचर होस् । हुन त खानु र बाँच्नु ठूलो कुरा हो, तर यति मात्रै जीवनको लक्ष्य होइन, हुँदैन । घुम्नु र रमाउनु पनि जीवन हो । तर, यतिमा मात्रै घुम्नु र रमाउनुको लक्ष्य सीमित राख्नु हुँदैन । पशुपक्षीहरूले पनि खाएकै छन् । पखेटाले वेग हानेर आकाशसम्म फन्को मारेका छन् । तर, तिनको उपलब्धि भन्नु के हो ?

अत: ढोका सधैँ खुला रहोस् । सबैका लागि सधैँ बन्द नहोस् । आफन्तको आउजाउ भइरहोस् । आस्था र विश्वास, श्रद्धा र सम्मान सदा कायम रहिरहोस् । बाँचुन्ज्याल मान्छेमा मत्याइँले बास नगरोस् । मन सधैँ प्रफुल्लित रहोस् । बिछोडिँदाको एक्लो रुवाइ कसले देख्छ र ? भेटिँदाको सुखीले संसार जितेको आभास होस् । र, बाँच्नुसम्म बाँचेर मरण होस् । मरेपछि पनि मृत्युवरणमा ममताको ओइरो लागोस् । त्यसैले हाम्रा प्रत्येक पाइलाले लक्ष्य भेट्नुपर्छ । प्रत्येक बोलीले सत्य बोल्नुपर्छ । हिँडेका पाइला रोकिनु हुन्न । रोकिएका पाइला अल्छीले थचारिनु हुन्न । ठेस लागे पनि, ठक्कर खाए तापनि गति गन्तव्यतिरै हिँड्नुपर्छ । हिजोआज विश्वासभन्दा बढी विध्वंश छ । मित्रताभन्दा धेरै मित्रघात हुन्छ । त्यहाँ जीवनको सुन्दर सिलसिलाको सिलासाङ्ला खोजेर कहाँ पाउनु ? जीवनको अर्थ मृत:प्राय हुन जान्छ । लक्ष्य र योजना, गति र गन्तव्यको कुनै टुंगो नभएपछि सपना देख्नु मात्र ठूलो कुरा हुँदैन रहेछ । विपनामा त्यसलाई भेट्नुको खुसी अपत्यारिलै हुन्छ । तर, त्यहाँ बाँच्नुसम्म बाँच्नुको अर्थ मृत्युतुल्य हुन्छ । छरिएका कागजपत्रमा चाहिएको खोज्न कति गाह्रो, खोजेर भेट्न कति हैरान ! छरपस्ट कुरा खोजेर भेट्टाउँदाको खुसी बेग्लै । खोजेको चिज पाउँदाको हर्षबढाइँ पनि विशेष हुँदो रहेछ । हराएका कुरा धेरै हुन्छ । भेट्ने कुरा र पाउनुपर्ने चिज थोरै हुने रहेछ । तर, त्यही थोरै प्राप्तिका लागि धेरै मरिहत्ते । त्यही कुरा पाउनका लागि ज्यान दिनलाई तयार । जीवनका अनेकौँ पात्र र पाटाहरू सधैँ फरकफरक । त्यही फरकपनले ल्याउने रहेछ केही न केही नयाँपनको खान्की र खुराक ।

अलिनो तरकारी पनि चखिलो र स्वादिष्ट लाग्छ । बोझिलो मौसम पनि रमझमको हुन्छ । अस्ताएको घामले पनि भोलि बिहान उदाउने बाचा गरेको हुन्छ । जुनेली रातको के कुरा, अँधेरी रातमा पनि जीवन-घाम चमचम चम्किरहेको हुन्छ । लाग्छ, खुसी पनि सीमाहीन हुँदो रहेछ । सिमानाको बन्धनमा बाँधिन नचाहँदो रहेछ । दु:ख पराई भई भागेर जाँदो रहेछ । मिलनोत्सवमा समय पत्तै नदिई टाप कस्दो रहेछ । यसो भएपछि कहाँ भेटिनु र मान्छेका मनकारी मनहरू ! जहाँ पनि धोकाधडीको धडधडीले धमाका मच्चाउन थालेपछि । सुरम्य सौन्दर्यमा तुँवालोले ढाकिएपछि त्यहाँ देख्नुपर्ने दृश्य मैलिन्छ । हेर्नुपर्ने आँखा धमिलिन्छ । बेचैन मन छटपटीले हैरान हुन थाल्छ ।

जहाँ जीवन भोगाइका पाटाहरू बेखुसीमा थचारिन्छन् । ढुंगामा बजारिएर मुर्छा तथापि, यस्तै समाजमा पनि कतिपय मान्छे मरेर फेरि बाँचिरहेका हुन्छन् । बाँचेकाहरू सत्कर्म, सद्भाव र सदाशयले स्वनामधन्य कहलिएका हुन्छन् । परिवार, समाज सुसंस्कृत बनेको हुन्छ । त्यहाँ राष्ट्र पनि धन्यधन्य भएको हुन्छ । मनन गरौँ, जीवन कति सभ्य, सुशिक्षित र सुरक्षित ? कति दण्डित र पुरस्कृत ? कति थकित र चकित ? कति भ्रमित र लज्जित ? कति सशंकित, कति पतित र कति घटित छ ? कति तथाकथित ? कति रोगले ग्रसित र कति चोट, खोट, दोष, रोषले पीडित छ ? कति आरोपित र खण्डित अनि कति श्रापित छ ? वास्तवमा कोही पनि आफू आफैँसँग खुसी र आनन्दित छैनन् । आफैँसँग डराइरहेका, कराइरहेका र आफैँभित्र हराइरहेकाहरू छन् । तथापि, बाँच्नुको नाउँ जिन्दगी भन्नेहरू छन् । तर, जिन्दगी बाँच्नुको नाउँ हो भनेर कर्म गर्दैनन् । यस्तोमा लाग्छ, जीवन कति शोषित, प्रताडित छ ! छैन कदापि पवित्र र निष्कलंकित ! आफैँमा छैनौँ हामी स्वचालित पनि । बरु, अरूबाट परिचालित । आफैँमा प्रताडित र अरूमा समर्पित । आफूमा चाहिँ दण्डित र कुण्ठित । कठै अमूल्य जीवनको गति र मति ! कठै जीवन नियति ! आफूसँग छैनौँ हामी कहिल्यै प्रफुल्लित । सधैँ अश्रुपूरित । कहिल्यै भएनौँ पूजित । भएनौँ कहिल्यै सुख र खुसीले सुसज्जित । न हर्षित, बरु सधैँ त्रसितत्रसित । यस किसिमको जीवन भोगाइमा परिवर्तन कसरी र कहाँबाट ? सकारात्मक सोच र शैलीको उदय कति आवश्यक र किन ? गम्भीर जीवनदर्शनको गर्तमा गोता खानुपर्छ अब । जहाँबाट लक्ष्य निर्धारण होस् र परिवर्तन गराउन सकोस् । त्यहाँ शुभेच्छाले भरिभराउ सिँढीको उचाइबाट जीवनमार्ग प्रशस्त हुन सकोस् ।

नभेटिएको धेरैपछि भेटिँदाको खुसीजस्तो । बातचितमै समय सुटुक्क बितेजस्तो । बोलेर नसकिएको कुरा कति हो कति ! सोधेर पनि साध्य नभएको । हेरेर पनि नअघाएको । कति बाँकी कुरा अझै बाँकी नै रहेको । सागरजस्तो कति गहिरो मित्रता, मायाको मिठो आभासले रमाएको । मिलनको खुसीले धपक्कै बलेको । बिछोडको वियोग अब फेरि सहनु नपरोस् । वास्तवमा यस्तै भेट भइदिँदा रोग पनि भाग्दो रहेछ । बिरामीले बिसेक मानी अलिकति जाउलो खाँदा आफन्तजनको हर्षजस्तो । दुखाइ कम हुँदा पाएको आनन्दजस्तो । कतै घुम्न जाँदा देख्न पाएको सुन्दर दृश्यजस्तो । हिँड्दाहिँड्दा बसौँभन्दा बिसाउनी आइपुगेजस्तो । भोकप्यासले व्याकुल हुँदा खानेकुरा पाएजस्तो । बल्लतल्ल आराम पाउँदा मिलेको सुखजस्तो । त्यसैले मान्छे रोग बोकेर बाँच्नु हुँदैन । घाउ भएर दुख्नु हुँदैन । बाँच्दासम्म रहर लिएर हिँड्नुपर्छ । हाँस्दा मन खोलेर हाँस्नुपर्छ । बाँच्दा निस्फिक्री आरामको जिन्दगी बाँच्नुपर्छ । आस बोकेर सास धान्नुपर्छ । निराश ओकलेर अल्छी पाल्नु हुँदैन । अधैर्य बस्नु हुँदैन । भरिलो मन, आँटिलो तन चंगा हरेक पल भएर बाँच्नुपर्छ । यति हुँदा खुसी पनि बुर्कुसी मारेर आउने रहेछ । दु:ख, पीडा सबै सकिएर उल्लासको उत्सव मनाउने अवसर जुट्ने रहेछ । बाधा, अवरोध, तनाव सबै भाग्ने रहेछ । यस्तो जीवन्त जीवन बाँच्नु पो बाँच्नु ! त्यसैले बाँच्नुसम्म यसरी नै बाँच्नुपर्छ । आखिर एक दिन सबैले मर्नु त छँदै छ । अत: बाँचेर मात्र मर्नुपर्छ ।

*-बाह्रखरी डटकम*

कारुणिक गाथा — डा. सनतकुमार वस्ती

## राजा परीक्षितको कारुणिक गाथा

परीक्षित महाभारतका ख्यातनामा राजा भए । उनी उच्छिन्नप्राय: पाण्डववंशका एकमात्र यस्ता वंशधर थिए जसलाई ऊरु-प्रयत्नले बचाइएको थियो । आफ्ना पूज्य पिता गुरु द्रोणाचार्यको अन्यायपूर्ण हत्याको प्रतिशोधाग्निमा दग्ध बनेका पुत्र सत्यप्रतिज्ञ अश्वत्थामाले समस्त पाण्डववंशको उच्छेद गर्ने संकल्पका साथ भयानक कर्म गरेका थिए । जसका चूडान्त शिकार बन्नै आँटेका परीक्षितलाई स्वयं भगवान् श्रीकृष्णले आफ्ना सुदर्शन चक्रको सुरक्षा-चक्रले बचाउनुभएको थियो । परीक्षितका पिता थिए पराक्रमी अभिमन्यु, अनि माता थिइन् उत्तरा । उनका हजुरबा थिए पराक्रम-शिरोमणि पाण्डव-मण्डन गाण्डीवी श्रीअर्जुन । परीक्षित समस्त सद्गुणले ओतप्रोत, राजधर्म अर्थधर्म आदिमा निपुण, इन्द्रियजित्, पराक्रमी एवं धर्मप्राण थिए । साठी वर्षको आयुसम्म उनले कुशलतासाथ प्रजापालन गरे । समस्त प्रजागण उनको साम्राज्यमा सुखी र आनन्दित थिए ।

शिकार खेल्नु र हिंसक प्राणीहरुको वध गर्नु उनको शौक थियो । साठी वर्षको उमेरमा उनी एक दिन शिकार खेल्न भनेर वनतिर लागे । त्यहाँ एउटा पशुमाथि उनले निशाना लगाए । त्यो तीखो वाणले बिद्ध भएर घायल त भयो, तर मरेन, विद्युत् गतिमा भाग्यो । त्यसको पीछा गर्दा गर्दा उनी थाकिसकेका थिए । धेरै समय बितीसकेको थियो । भोक, प्यास, थकाइका कारण उनी त्यो प्रौढावस्थामा खिन्न भइसकेका थिए । त्यस विशाल वनमा उनले एउटा रुखको फेदमा एक जना ऋषि शान्तभावले तपस्यामा लीन भएर बसेको देखे । ती महान् तपस्वी शमीक थिए । राजा परीक्षितले आकुलभावले सोधे : तपाइँले यताबाट कुनै वाणबिद्ध मृग गएको देख्नुभयो कि ? तर उनी बोलेनन् किनभने तिनले मौनव्रत लिएका थिए । उनले फेरि पनि सोधे । तैपनि ती तपस्वी बोलेनन् । यसरी बार बार सोध्दा पनि चूपचाप बसेको देखेर राजाको मनमा क्रोध उत्पन्न भयो । साठी बर्षको उत्तरार्ध वय । फेरि, भोक प्यासले व्याकुल भएका र सारै थाकेका हुँदा उनी अव्यवस्थितचित्त बनेका थिए । जे नहुनु थियो- त्यही भयो । त्यो उनीजस्ता कुलीन र सज्जन व्यक्तिका लागि नसुहाउने काम थियो । तर विनाशकाले विपरीतबुद्धि: भने जस्तै भयो । रीसले आविष्ट भएका परीक्षित राजाले त्यहाँ एउटा मरेको सर्प पसारिइरहेको देखे र आफ्ना धनुषको टुप्पोले त्यो सर्पको शव उठाएर ती शुद्धात्मा शमीक ऋषिको काँधमा भिराइदिए । ती शान्त शुद्ध-बुद्धात्मा शमीक ऋषि तैपनि शान्त नै रहे, कुनै प्रतिक्रिया देखाएनन् । यस्तो वाहियात, नचाहिँदो काम गरेर राजा परीक्षित फनक्क फर्किएर राजधानी आए । ती महर्षि शमीकका एक जना तेजस्वी पुत्र थिए : शृंगी । उनी परम यशस्वी, शक्तिमान् , तपोबलोद्दीप्त एवम् क्रोधी स्वभावका थिए । त्यसदिन उनी आफ्ना आचार्यका सान्निध्यमा अध्ययनार्थ गएका थिए । कार्य सम्पन्न भएपछि गुरुवन्दना गरेर घर फर्कँदै थिए । त्यसै बेला एकजना सहपाठीले हस्याङ् फस्याङ् गर्दै उनीसामू आएर भने : ए शृंगी, तिमी यहाँ के गर्दैछौ ? वहाँ तिम्रा पिताको घोर अपमान गर्दै उहाँका काँधमा राजा परीक्षितले मरेको सर्प भिराएर गए । त्यो अझै पनि त्यही काँधमै झुण्डिरहेको छ । यो सुन्नासाथ क्रोधोद्दीप्त बनेका शृंगीले तत्काल कमण्डलुको जल हातमा लिएर भयंकर शाप दिइहाले : जसले मेरा निरपराध पितामाथि मरेको सर्प हालिदियो त्यस दुराचारीको आजका सात दिनका दिन प्रचण्ड विषधर तक्षक नागले डसेर मृत्यु भैजाओस् । अब देखोस् त्यस दुष्टात्मा राजाले मेरो तपस्याको बल, अनि भोगोस् आफ्नो कुकर्मको भयानक फल ! यस्तो भयंकर शाप दिएर ती तेजस्वी शृंगी ऋषि आश्रम आइपुगे । त्यहाँ उनले देखे : शान्त, सौम्य, मौनव्रती आफ्ना परमपूज्य पिता शमीकको काँधमा त्यो सर्पको शव अझै पनि लत्रिरहेको थियो । त्यो देखेर रीस र अपमानको आगोले उत्तप्त भएर शृंगीका आँखाबाट आँशू बहन लागे । उनले त्यो अभद्र दृश्य देख्नासाथ तत्काल त्यो कुत्सित वस्तुलाई त्यहाँबाट हटाइदिए । अनि पितालाई भने : बाबा, मैले त्यो दुराचारी राजालाई तक्षकले डसिहालोस् भनेर शाप दिएँ । यो कुरा सुनेर ती परम शान्त स्वभाव भएका मुनि शमीक खुशी भएनन्, बरु दु:खी नै भए । उनले छोरालाई भने : बाबू, तिमीले तेसो गर्नु नहुने थियो । उनी राजा हुन्, उनले गरेका स-साना कृत्यलाई सहज रूपमा नै लिनुपर्दछ । फेरि विचरा बुढेसकाल टेकिसकेका, दिनभरि दौडिएर भोक प्यास र थकाईले आक्रान्त भएको अवस्थामा मैले नबोलेको देखेर आवेगमा आएर त्यसो गरे । त्यत्ति कुरामा तिमीले क्रुद्ध भएर त्यस्तो भयंकर शाप दिइहाल्नु हुन्नथ्यो । सक्छौ भने त्यो शाप फिर्ता लेऊ । शृंगीले भने : पिताजी मैले आजीवन सत्य बोल्ने व्रत लिएको छु । मैले भनेपछि भनें भनें, त्यो वृथा हुन सक्दैन ।

त्यसपछि महाकारुणिक शमीक ऋषिले तत्काल आफ्ना परमशिष्य गौरमुखलाई राजा परीक्षितकहाँ सन्देश दिएर पठाए । उसले राजालाई गएर भन्यो : राजन्, तपाइँले मौनव्रती महर्षि शमीकको जुन अवमानना गरेर आउनुभएको छ त्यसको प्रतिशोध गर्न उनका छोरा शृंगीले तपाईंलाई शाप दिएका छन् । आजका सात दिनका दिन तपाईंलाई भयंकर विषधर तक्षकले डस्नेछ र तपाइँको मृत्यु हुनेछ । यस शापको कुनै प्रतीकार गर्न सकिएन, त्यसैले तिनै कारुणिक ऋषि शमीकले तपाइँलाई यो सन्देश दिएर मलाई यहाँ पठाउनुभएको हो, ताकि तपाइँ आत्मसुरक्षाको उपाय गरेर सावधान भएर बस्नुहोस् । यो सुनेर राजा परीक्षित अत्यन्त चिन्तित भए । आफूले आवेगमा आएर गरेको नकाम प्रति उनलाई घोर पश्चात्ताप भयो । अनि सबै मन्त्रीहरुलाई डाकेर यसबाट सुरक्षित हुने उपायबारे मन्त्रणा गरे । अनि सबैको सल्लाह अनुसार राजाले एउटा भव्य महल बनाउन लगाए जसमा फगत् एउटा मात्र खम्भा थियो । त्यो चारैतिरबाट सुरक्षित थियो । त्यस महलमा कसै गरी कोही पनि छिर्न सक्दैनथ्यो, हावाले पनि अनुमति लिएर मात्र छिर्न पाउँथ्यो । कसै गरी राजाले छ दिन बिताए । सातौं दिनका दिन घटनाले यस्तो रूप लियो : त्यस दिन एकजना ठूला तपस्वी, मन्त्रशास्त्रका परम ज्ञाता द्विजवर काश्यप एकचित्त भएर हस्तिनापुरतिर जाँदै थिए । उनले सुनेका थिए : आज नागराज तक्षकले राजालाई डस्दैछ । आफ्ना मन्त्रबलले राजालाई निको तुल्याउँला । यसरी धर्म र यश त पाइने छँदै छ, प्रशस्त सम्पत्ति पनि आर्जन गरुँला- भन्ने आकांक्षा लिएर ती अघि बढ्दै थिए । बाटामा नागराज तक्षकले तिनलाई देखे । एकजना बूढा ब्राह्मणको वेश धारण गरेर उनी तिनका सामू आए र यसरी हतार हतार एकसुरले कता जान लागेको? भनेर सोधे । काश्यपले सबै कुरा यथावत् बेलिविस्तार लाए । एकै छिन गमेर तक्षकले भने : तपाइँसँग त्यस्तो विष झार्न सक्ने के शक्ति छ ? म पनि हेरौं त । हेर्नोस् ब्राह्मणदेव ! तक्षक भनेको मै हुँ । म अब यस वटवृक्षलाई डस्छु अनि यो हुरुरु जलेर खाक हुनेछ । के तपाइँ यसलाई बचाउन सक्नुहुन्छ ? काश्यपले भने : अवश्य । अनि तक्षकले- लौ त, कसरी बचाउनुहुने रहेछ हेरम् , भनेर त्यस रुखलाई भयंकर फणा उचालेर ठुँगे । नभन्दै, आगोको लप्का उठ्यो र त्यो पलभरमै भयंकल ज्वालाले युक्त भयो अनि दनदनाएर रुख एकै छिन्मा खाक बनायो । अब तिमी हेर मेरो मन्त्रबल- भन्दै ती मन्त्रवेत्ता काश्यपले त्यो खरानी एकत्र गरेर पहिले थुपारे र एकाग्र भावले मन्त्र उच्चारण गरेर फुके । हेर्दाहेर्दै त्यो वृक्ष जीवित भयो । पहिले त्यहाँ अंकुर पलायो, अनि पाउलो अनि बोट अनि क्रमश: शाखा प्रशाखा हुँदै एकै छिनमा त्यहाँ पहिलेको झैं वटवृक्ष खडा भयो । यो दृश्य नागराज तक्षकले सात छक्क परे हेरेको हेरेकै भए । अनि, काश्यपलाई प्रशंसा गरेर भने : तपाइँजस्ता मन्त्रवेत्ता ब्राह्मणका लागि त यो खासै अद्भुत कुरा अवश्य होवोइन । तर, तपाइँ भन्नुहोस् त, ती विवेकहीन राजालाई बचाएर तपाइँले के पाउनुहुन्छ ?

उनले भने : सम्पत्ति पाउँछु नि, अनि फेरि यश र धर्म त छँदैछ । तक्षकले भने : हेर्नुहोस्, मेरो विचारमा यो तपाइँको मन्त्रबलले त्यहाँ काम गर्ने छैन, किनभने ती राजालाई पहिले नै एकजना ऋषिकुमारले मर्ने शाप दिइसकेका छन्, बाँकी रह्यो कुरा सम्पत्तिको । तपाइँलाई कति चाहिन्छ भन्नुहोस्, त्यो भन्दा बढी म तपाइँलाई अहिले यहीं दिन्छु । अनि, तक्षकले ती मन्त्रवेत्ता काश्यपलाई विपुल धनराशि दिएर सन्तुष्ट गराई त्यतैबाट फिर्ता पठाइदिए । अब, तक्षक आफ्नो काम फत्ते गर्न भनेर राजदरबारतिर लागे, उनले बाटामै सुने : राजा सुरक्षित ठाउँमा बसेका छन् र तुरुन्तै विष झार्ने औषधी पनि तम्तयार राखेका छन् । अनि तक्षकले आफ्नो मायाजाल फैलाएर राजालाई डस्ने विचार गरी आफ्ना केही नाग साथीहरुलाई ब्राह्मणको रूप धारण गरेर महाराजलाई फल फूल र प्रसाद समर्पण गर्न जाने आदेश दिए । नभन्दै, आदेश शिरोपर गरी तिनीहरुले पनि तेसै गरे । राजाले त्यो सबै फलफूल र प्रसाद ग्रहण गरेर दान दक्षिणाका साथ तिनीहरुलाई विदा दिए । सबै गएपछि आफ्नो सुरक्षित एकान्त ठाउँमा आफ्ना विश्वस्त मन्त्रीगणहरुसँग बसेका राजा परीक्षितले भने : यी फल त निकै स्वादिष्टजस्ता छन्, अब हामी सबै मिलेर खाऔं । अनि राजाले विधिको विधान अनुसार नै त्यही फल खान लागे जसमा सूक्ष्म रूप धारण गरेर स्वयं नागराज तक्षक बसेका थिए । खाँदा खाँदै उनका हातमा फलको टुक्रामा एउटा सानो कीरो देखा पर्‍यो । त्यसको आँखा कालो र शरीर तामाजस्तो रंगको रातो थियो । राजाले साथीहरुसँग ठट्टा गर्दै भने : अब त साँझ पर्न लाग्यो । सातौं दिन पनि बित्न लागीहाल्यो । मलाई त्यस सर्पसँग अब कुनै डर छैन । तर, ती मुनि साँच्चिकै सत्यवादी रहेछन् भने यसै कीराले तक्षकको रूप धारण गरेर मलाई डसोस् । यसरी शापको परिहार पनि भइहाल्नेछ !

यति भनेर मजाक गर्दै राजा परीक्षित त्यो सानो कीरोलाई काँधमा राखेर खित्का छोडी छोडी हाँस्न लागे । उनी तत्काल मर्नेवाला थिए, त्यसैले उनको बुद्धि पनि भ्रष्ट भएको थियो । उनी हाँस्न पनि राम्ररी पाएका थिएनन् कि, त्यसै क्षण, त्यसै कीराले भयंकर विषधर नागराज तक्षकको रूप धारण गर्‍यो र भयानक फुंकार भर्दै राजा परीक्षितलाई आफनो विशाल लम्बायमान नागशरीरले जकड्यो अनि जोडले गर्जना गर्दै डस्यो । त्यसबाट भयंकर ज्वालावली निस्कियो र दन्दनाउन थाल्यो । सबै मन्त्रीहरुको भागा रे भाग भयो । राजा परीक्षित बड्याम्म ! भुइँमा ढले । उनको प्राणपखेरु उडिसकेको थियो । हेर्दा हेर्दै त्यो सारा महल पनि दन्ददनाएर जल्न लाग्यो र पलभरमै खरानीको थुप्रो बन्यो । यसरी, आवेशमा आउँदा हुन गएको एक विवेकहीन कृत्यको परिणतिस्वरूप विचरा राजा परीक्षितको यस्तो कारुणिक अन्त भयो ।

*-साहित्यपोस्ट डटकम*

# बुटवल पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा



**बुटवल,** वैशाख ४/बुटवल उपमहानगरपालिकालाई पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरिएको छ । बुटवल उपमहानगरपालिकाभित्र बसोबास गर्ने बालबालिकाहरुले खोप पाएको वडा खोप समन्वय समिति र बुटवल उपमहानगरपालिकाको सिफारिसका आधारमा जिल्ला खोप समन्वय समितिको स्वीकृतिमा पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरिएको हो ।

शुक्रबार एक कार्यक्रमका बीच जिल्ला खोप समन्वय इकाईबाट प्राप्त पत्रअनुसार नगर प्रमुख खेलराज पाण्डेयले बुटवल पूर्ण खोप दिगोपना सुनिश्चित भएको घोषणा गरेका हुन । उनले बुटवलमा कुनै पनि प्रकारका खोपको अभाव हुन नदिन बुटवलले विशेष चासो दिएको र पर्याप्त पूर्वतयारी गर्दै आवश्यक जनशक्ति र पूर्वाधार व्यवस्थापन गरेको बताए । प्रमुख पाण्डेयले भने 'बुटवललाई स्वास्थ्य क्षेत्रमा अब्बल बनाउनका लागि आवश्यक काम भइरहेको छ ।' यसअघि जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चपाइँले बुटवलले सबै सूचकहरु पूरा गरेर पूर्ण खोप सुनिश्चित भएको बताउँदै बुटवललाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।

उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलले समयमै सबै सूचकहरु पूरा गरेको र आगामी दिनमा पनि खोपको सुनिश्चित गर्ने बताइन् । पहिलो चरणमा पालिकाका सबै वडालाई पूर्ण खोप सुनिश्चितता गरिएको र हाल सोही तथ्यांक र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता नगर घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले बताए । स्वास्थ्य शाखाले दिगोपना र पूर्ण खोप सुनिश्चितताका लागि हरेक वर्ष चैतमा नियमित खोपको घरभेट सर्वेक्षण गरी उमेरअनुसार खोप पाए/नपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा खोप दिने प्रक्रियाअनुरुप खोप दिने व्यवस्था गरेको छ । बुटवलले १६ महिनादेखि २ वर्षसम्मका बालबालिकाहरुले १५ महिनासम्ममा पाउनुपर्ने सम्पूर्ण खोप लगाएको र पूर्ण खोप सुनिश्चित गर्दै आवश्यक मापदण्डहरु पूरा गरेको छ ।


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय
पर्यटन विकास परिषद्
बुटवल, रुपन्देही नेपाल

## तालिम सञ्चालन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१/०२/०५**

पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेशको आयोजनामा मिति २०८१।०२।०४ गते देखि साना तथा मझौला होटल व्यवस्थापन तालिम पाल्पा जिल्लामा सञ्चालन गर्ने भनिएकोमा विशेष कारण बस दोस्रो पटक सुचना प्रकाशित गरिएको हुँदा इच्छुक तथा योग्य नेपाली नागरिकहरुले मिति २०८१ साल जेष्ठ ११ गते भित्र तपसिल वमोजिमका मापदण्डका अधिनमा रहि दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | तालिमको नाम | तालिम हुने समय र स्थान | संख्या |
|---|---|---|---|
| १ | साना तथा मझौला होटल व्यवस्थापन तालिम | बिहान ८:३० देखि बेलुकी ५:०० बजे सम्म, पाल्पा | ४० जना |

**नोट :**
- आवेदन फारम पर्यटन विकास परिषद्को कार्यालय बुटवलबाट उपलब्ध गराइने छ । साथै website–https://tdc.lumbini.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।
- प्रशिक्षार्थी १८ वर्ष उमेर पुगेको र नेपाली नागरिक हुनु पर्ने छ ।
- प्रशिक्षार्थीको शैक्षिक योग्यता सामान्य लेखपढ गर्न सक्ने हुनु पर्नेछ र होटल व्यवासय क्षेत्रमा कार्यरत तथा अनुभवीलाई प्राथमिकता दिइने छ ।
- प्रशिक्षार्थीले अनुसूची १ बमोजिम फारम भरि नागरिकता, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनुपर्ने छ।
- तालिम २०८१ जेष्ठ १४ गते देखि २० गतेसम्म सञ्चालन हुने छ ।
 प्रशिक्षार्थी अनिवार्य रुपमा तालिम अवधिभर उपस्थित हुनुपर्ने छ ।
- तालिम अवधिभर खाजाको व्यवस्था परिषद्बाट उपलव्ध हुनेछ । सो भन्दा बाहेक अन्य कुनै भत्ता उपलव्ध हुने छैन र अन्य थप शुल्क पनि लाग्ने छैन ।
- थप जानकारीका लागि : ०७१-५९१२२०, वा Email – tdclumbini@gmail.com


## खेलकुद समाचार

### अभ्यास खेलमा नेपालको प्रतिद्वन्द्वी क्यानडा र अमेरिका

**काठमाडौं,** वैशाख ४/ आईसीसी टी-२० विश्वकप क्रिकेटको नवौं संस्करण जुन १ देखि २९ तारिखसम्म अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रूपमा आयोजना हुँदै छ । प्रतियोगितामा २० राष्ट्रको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी हुन अधिकांश टोली आयोजक राष्ट्र पुग्नेक्रम जारी छ ।

नेपाली टोली पनि यसअघि नै अमेरिका पुगिसकेको छ । प्रतियोगिता सुरु हुनुअघि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले प्रत्येक टोलीलाई दुईवटा औपचारिक अभ्यास खेल खेलाउने कार्यक्रम तय गरेको छ । यस क्रममा नेपालले पनि प्रतियोगिता सुरु हुनुअघि दुईवटा अभ्यास खेल खेल्नेछ । तर, नेपालले अभ्यास खेलमा टेस्ट राष्ट्रलाई प्रतिद्वन्द्वीका रूपमा पाएन । अभ्यास खेल मे २७ देखि जुन १ तारिखसम्म अमेरिका र ट्रिनिडाड एन्ड टोबागोमा खेलिने आईसीसीले जनाएको छ । नेपालले आफ्नो पहिलो औपचारिक अभ्यास खेल मे २७ तारिखमा क्यानडासँग खेल्नेछ । उक्त खेल अमेरिकाको टेक्ससमा खेलिने छ । सोही दिन ओमान र पपुवा न्यु गिनी तथा नामिबिया र युगान्डाबिच पनि अभ्यास खेल हुनेछ । नेपालले आफ्नो दोस्रो अभ्यास खेल मे ३० तारिखमा आयोजक राष्ट्र अमेरिकासँग खेल्नेछ । उक्त खेल पनि टेक्ससमै खेलिने छ । सोही दिन स्कटल्यान्ड र युगान्डा, नेदरल्यान्ड्स र क्यानडा, नामिबिया र पपुवा न्यु गिनी तथा वेस्ट इन्डिज र अस्ट्रेलियाबिच अभ्यास खेल खेलिने छ । त्यसअघि मे २८ तारिखमा श्रीलंका र नेदरल्यान्ड्स, बङ्गलादेश र अमेरिका तथा अस्ट्रेलिया र नामिबियाबिच अभ्यास खेल खेलिने छ । मे २९ तारिखमा अफगानिस्तान र ओमानबिच अभ्यास खेल खेलिने छ । यसैगरी मे ३१ तारिखमा आयरल्यान्ड र श्रीलंका तथा अफगानिस्तान र स्कटल्यान्डबिच अभ्यास खेल हुनेछ । जुन १ तारिखमा बङ्गलादेशले भारतसँग अन्तिम अभ्यास खेल खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# मौद्रिक नीतिको समीक्षा सार्वजनिक




**पाल्पा,** जेठ ४/नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको तेस्रो त्रैमासको समीक्षा गरेको छ । राष्ट्र बैंकको शुक्रबार बिहान बसेको बैठकको सञ्चालक समितिले पारित गरेपछि राष्ट्र बैंकले उक्तसमीक्षा सार्वजनिक गरेको हो । नेपाल राष्ट्र बैंकले समीक्षा गर्दै सवारी कर्जाको जोखिमभार घटाएको छ भने घरजग्गा कर्जा केही सहज बनाएको छ । उसले बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने विद्यमान एक सय २५ प्रतिशत जोखिमभार रहेका हायर पर्चेज प्रकृतिका कर्जाको जोखिमभार घटाई एक सय प्रतिशत कायम गरेको छ । त्यसैगरी घर जग्गा खरिद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपात (डेब्ट सर्भिस टु ग्रस इनकम रेसियो) लाई सहजीकरण गरी कर चुक्त प्रमाण पेस गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने व्यवस्था ल्याइएको राष्ट्र बैंकले जनाएको छ ।बैंक तथा वित्तीय संस्थाको एक वर्ष अवधि व्यतित भइसकेका लगानी मध्येबाट एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था मौद्रिक नीतिको समीक्षाबाट ल्याइएको छ । राष्ट्र बैंकले अहिलेको ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन स्थायी निक्षेप सुविधाको दरमा पुनरावलोकन गर्ने जनाएको छ । ब्याजदर करिडोरलाई भने ३ देखि ७ प्रतिशतमा यथावत राखिएको छ । बैंकहरुले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात, स्थायी तरलता अनुपातलाई यथावत् राखिने राष्ट्र बैंकले जनाएको छ । यस्तै अब बैंक तथा वित्तीय संस्थाले एक आर्थिक वर्षमा प्राथमिक पुँजीको २० प्रतिशत सेयर बिक्री गर्न पाउने व्यवस्था समेत गरेको छ । बैंक तथा वित्तीय संस्थाले एक आर्थिक वर्षमा २० प्रतिशतसम्म सेयर बिक्री गर्न पाउने 'बैंक तथा वित्तीय संस्थाहरुको १ वर्ष अवधि व्यतीत भइसकेका लगानीमध्येबाट एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था मिलाइने छ,' राष्ट्र बैंकले मौद्रिक नीतिको तेस्रो त्रैमासको समीक्षामा भनेको छ । यसअघि एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको १ प्रतिशतसम्म मात्र सेयर बिक्री गर्न पाउने व्यवस्था थियो । बैंक तथा वित्तीय संस्थाले सेयर बिक्री गर्न नपाउँदा सेयर बजार चलायमान नभएको निष्कर्षका आधारमा नयाँ व्यवस्था गरिएको राष्ट्र बैंकको दाबी छ ।


## 'विषादी बिष हो : औषधी होइन'

- बिषादी प्रयोग गर्दा सुरक्षित पहिरनको प्रयोग गर्ने गरौं ।
- गुणस्तरहिन तथा म्याद नाघेको बिषादीहरुको प्रयोग नगरौं ।
- बिषादी प्रयोग गरेको अवस्थामा खानेकुरा, पेय पदार्थ, सूर्ति तथा चुरोटपान आदि सेवन नगरौं ।
- ज्यादै कडा तथा आवश्यकता भन्दा बढी बिषादीहरुको प्रयोग नगरौं ।
- स्पष्ट जानकारी बिना बिषादीहरु एक अर्कामा मिसाइ प्रयोग नगरौं र पानी परेको, हावा चलेको तथा शित परेको अवस्थामा बिषादीहरुको प्रयोग नगरौं ।

**अनुरोधक**
नेपाल सरकार
कृषि तथा पशुपन्छि विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई (तरकारी जोन)
पाल्पा

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं.
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं.
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं.
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौ,
- आफ्नो घर वरिपरी झाँडी नराखौ र सधै वातावरण सफा राखौ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई